सुखीपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सुखीपुर

प्रदेश नं. २, नेपाल

**करारमा सेवा लिने सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०७५/०२/२३)

सुखीपुर नगरपालिकाको लागि शाखा/उपशाखा/फाँट/वडा मा रहने गरी देहायका पदहरूमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य—विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.sukhipurmun.gov.np बाट उपलब्ध हुनेछ ।

**१. आवश्यक पदहरूको विवरण**

| क्र.स. | पद नाम | संख्या | राजस्व दस्तूर | |
|---|---|---|---|---|
| १ | इन्जिनियर | १ | १०००|- | |
| २ | सव इन्जिनियर | १ | ४००|- | |
| ३ | कम्प्यूटर अपरेटर | १ | ४००|- | |
| ४ | नायव प्राविधिक सहायक | १ | ३००|- | |
| ५ | नायव पशुसेवा प्राविधिक | १ | ३००|- | |
| ६ | अमिन | १ | ३००|- | |
| ७ | ग्रेडर अपरेटर | १ | ४००|- | |
| ८ | ब्याक-हो-लोडर अपरेटर | १ | ४००|- | |
| ९ | सवारी चालक (ट्रयाक्टर) | २ | ३००|- | |
| १० | हल्का सवारी चालक (पिकअप भयान ) | १ | ३००|- | |
| ११ | नगर प्रहरी (प्रहरी सहायक निरिक्षक) | १ | ३००|- | |
| १२ | नगर प्रहरी (जवान) | ७ | २००|- | |
| १३ | सुपरभाइजर | १ | ३००|- | |
| १४ | का स | १० | २००|- | |

**२. <u>शैक्षिक योग्यता र अनुभवः</u>**

१. नेपाली नागरिक ।

२. न्यूनतम शैक्षिक योग्यता

| क्र.स. | पद नाम | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १ | इन्जिनियर | मान्यता प्राप्त विश्वविद्यालयवाट सिभिल वा आर्किटेक्चरल इन्जिनियरिंग बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण |
| २ | सव इन्जिनियर | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| ३ | अमिन | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिइ एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा १ (एक) वर्षको तालिम प्राप्त गरेको |

| | | |
|---|---|---|
| ४ | कम्प्यूटर अपरेटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त । वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि संचालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त |
| ५ | नायव प्राविधिक सहायक | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. ( कृषि) तालिम प्राप्त वा कृषि विषय लिई टी.एस.एल.सी. उत्तीर्ण |
| ६ | नायव पशुसेवा प्राविधिक | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टी.ए. ( पशु विज्ञान, पशुपालन, पशु स्वास्थ्य) विषयमा तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टी.एस.एल.सी. उत्तीर्ण । |
| ७ | ग्रेडर अपरेटर | मान्यता प्राप्त शिक्षण संस्थावाट १० कक्षा वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काममा तालिम प्राप्त तथा सम्बन्धित क्याटागोरीको सवारी चालक अनुमति पत्र प्राप्त |
| ८ | ब्याक-हो-लोडर अपरेटर | मान्यता प्राप्त शिक्षण संस्थावाट १० कक्षा वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काममा तालिम प्राप्त तथा सम्बन्धित क्याटागोरीको सवारी चालक अनुमति पत्र प्राप्त |
| ९ | सवारी चालक (ट्र्याक्टर) | मान्यता प्राप्त शिक्षण संस्थावाट ८ कक्षा वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काममा तालिम प्राप्त तथा सम्बन्धित क्याटागोरीको सवारी चालक अनुमति पत्र प्राप्त |
| १० | हल्का सवारी चालक (पिकअप भयान ) | मान्यता प्राप्त शिक्षण संस्थावाट ८ कक्षा वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काममा तालिम प्राप्त तथा सम्बन्धित क्याटागोरीको सवारी चालक अनुमति पत्र प्राप्त |
| ११ | नगर प्रहरी (प्रहरी सहायक निरिक्षक) | मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरह उत्तीर्ण |
| १२ | नगर प्रहरी (जवान) | मान्यता प्राप्त शिक्षण संस्थावाट १० कक्षा वा सो सरह उत्तीर्ण |
| १३ | सुपरभाइजर | मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी. वा सो सरह उत्तीर्ण |
| १४ | का स | मान्यता प्राप्त शिक्षण संस्थावाट ८ कक्षा वा सो सरह उत्तीर्ण |

३. परिक्षाको किसिम : लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता ।

४. अनुभवः सम्बन्धित काममा अनुभवीलाई प्राथमिकता दिईने छ ।

५. उमेरः १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।

६. सम्बन्धित प्राविधिक सेवामा व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) प्राप्त गरेको ।

७. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**३. दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।